# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## राईनास नगरपालिका, लमजुङ

## आर्थिक वर्ष २०७५।७६

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

***Serving the Nation***

***and***

***the People***

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः२०७६/७७
च.नं

मितिः २०७७/३/२४

श्री प्रमुखज्यू,
राईनास नगरपालिका,
लमजुङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औँल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(वागमती तथा गण्डकी महानिर्देशनालय)

पत्र संख्या : २०७६।७७
च.नं :

मिति: २०७७।३।२५

श्री नगरप्रमूखज्यू,
राईनास नगरपालिका,
लमजुङ ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय :** हामीले राईनास नगरपालिकाको २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.३ करोड ५५ लाख ७५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३१ लाख ७५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ करोड ६ हजार, नियमित गर्नुपर्ने रु.१८ लाख ४५ हजार र पेश्की बाँकी रु.५ लाख ४९ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०९।१४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना सत्र (१७) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

## आर्थिक कारोबारको स्थिति

**स्थानीय संचित कोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको २०७५।७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | जम्मा रकम | | विवरण | रकम |
| **१** | **गत वर्षको जिम्मेवारी** | | **१** | **चालु खर्च** | २७५२४४७७५.०० |
| | (क) नगद | | **२** | **पूँजीगत खर्च** | ९१५७२२१२.०० |
| | (ख) बैंक | २३६९६९८०.०० | **३** | **स्थानिय पूर्वाधार विकास कार्यक्रम** | ४९०००००.०० |
| **२** | **राजस्व (आन्तरिक आय)** | - | **३** | **वित्तीय व्यवस्था भुक्तानी** | |
| | क) आन्तरिक राजस्व | ७६३८७९०.९० | | क) ऋण भुक्तानी | - |
| | ख) राजस्व बाँडफाँड | ४२४८८९५०.४० | | ख) ब्याज भुक्तानी | - |
| | ग) सडक वोर्ड | - | | ग) अन्य भुक्तानी | - |
| | घ) नगर विकास कोष | - | | | |
| | ग) अन्य आय | ४१५७९०.३७ | | | |
| **३** | **वित्तीय हस्तान्तरण (संघ )** | | **४** | **लगानी** | |
| | क)वित्तीय समानीकरण अनुदान | ७३००००००.०० | | ऋण लगानी | - |
| | ख) सशर्त अनुदान | २०२६७१०००.०० | | शेयर लगानी | - |
| | घ) विशेष अनुदान | - | **५** | **धरौटी फिर्ता** | ५८२५५.०० |
| **४** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **६** | **कोष खर्च** | २८१९५९६.०० |
| | क)वित्तीय समानीकरण अनुदान | १०५३७३२५.२० | **७** | **गत वर्षको सर्शत फिर्ता** | |
| | ख) सामाजिक विकास मन्त्रालय (औषधि उपरकण खरिद) | - | | | |
| | ग) सर्वसिद्धधाम पञ्चकोट सशर्त अनुदान | - | **८** | **मौज्दात** | |
| | घ) प्रदेशबाट प्राप्त समपूरक अनुदान | - | | क) नगद मौज्दात | ०.०० |
| | ङ) विभिन्न कोष तर्फको आय | ४१८०००.०० | | ख) बैंक मौज्दात | ४८४३३४२१.५८ |
| | च) जनसहभागिता (नगद) | ५४६६३७२.०० | | | - |
| | छ) पूर्वाधार कार्यालय पर्वतवाट प्राप्त समपुरक अनुदान | - | | | |
| **५** | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| | क) समाज कल्याण कार्यक्रम (जेष्ठ नागरिक) | १०००००.०० | | | - |
| | ख) प्रधानमन्त्री रोजगार कार्यक्रम | २८६८४३३.०० | | | - |
| | ग) स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम | ४९०००००.०० | | | - |
| | घ) प्रदेश तथा स्थानिय तह क्षमता विकास कार्यक्रम | ३०५०००.०० | | | - |
| | ङ) सामाजिक सुरक्षा कार्यक्रम | ४३०१४०००.०० | | | - |
| **६** | **धरौटी आय** | ८४१६१८.०० | | | - |
| **७** | **अन्य विविध आय (हि.मि.)** | - | | | - |
| | **जम्मा** | **४२३०२८२५९.९०** | | **जम्मा** | **४२३०२८२५९.९०** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **कार्यालयको परिचय :** स्थानीय नेतृत्वको विकास गरी विधायिकी, कार्यकारीणी र न्यायीक अधिकार सहितको स्थानीय शासन पद्धतिलाई सुदृढ गर्दै स्थानीय सरकारको निर्माण र संचालन गरी जनतालाई नजिकवाट प्रभावकारी सेवा र सुविधा प्रदान गर्न यस नगरपालिकाको स्थापना भएको हो । यो नगरपालिका गण्डकी प्रदेशमा अवस्थित छ र यस अन्तर्गत १० वडाहरु, ५३ सभा सदस्य तथा १८५२७ जनसंख्या रहेका छन् । यसको क्षेत्रफल ७१.९ वर्ग किलोमिटर रहेको छ । | |
| १. | **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्वन्धी अन्य ब्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन ( व्यवस्थापन तथा सञ्चालन ) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>● जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।<br>● मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ- टिडिएस नगरेको,<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासीक खर्च गर्नुपर्नेमा कुल खर्च मध्ये अधिकांश रकम तेश्रो चौमासीकमा खर्च गरेको,<br>● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणका प्रयास गरेको अभिलेख नराखेको,<br>● वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्यांकन प्रतिवेदन दिने नगरेको,<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकि सक्नु पर्नेमा नतोकेको,<br>● कुनै रकमको भुक्तानी दिंदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले “भुक्तानी भएको” जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार नगरेको,<br>● स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र व्यवस्थापन आंशिक रुपमा गरेके भएता पनि सो सम्वन्धी कानुन, नीति, कार्यविधि तथा मापदण्ड नवनाएको,<br>● कार्यलयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको पाइएन ।<br>● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा वार्षिक खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,<br>● ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सी खाता नराखेको,<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाइ लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यकमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,<br>● निर्माण कार्यहरुको लागत अनुमान स्वकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख नगरेको,<br>● खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,<br>● निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु नगरेको,<br>● वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार नगरेको,<br>● मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजूको लगत तयार गर्नुपर्नेमा नगरेको,<br>● उपभोक्ता समितिवाट गरीएका धैरै काममा खर्चका प्रमाण परिक्षण गर्दा केहीमा मु.अ.करमा दर्ता नभएका फर्मको विल राखेको,<br>● उपभोक्ता समितिबाट गरिएका अधिकांश निर्माण कार्यहरुमा जनसहभागिताको अंश नरहेको,<br>● प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिमको ढांचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा नगरेको,<br>● वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको संवन्धमा एकिन हुन नसकिएको,<br>● निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२) बमोजिम तलवी प्रतिवेदन पारीत गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कृषि, पशु तथा स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पारीत नगरी खर्च लेखेको,<br>● आर्थिक कार्यविधि नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार प्रथम चौमासीकमा ठेक्का लगाइसक्नुपर्नेमा कार्यालयले अधिकांश ठेक्काहरु तेश्रो चौमासीकमा लगाएको,<br>● स्वीकृत दरवन्दी र पदपुर्तिको विवरण माग गरिएकोमा विवरण प्राप्त नभएकोले दरवन्दी अनुसार पुर्ति भए नभएको वा वढी घटी भए नभएको संवन्धमा एकिन हुन सकेन । | |
| २. | **सार्वजनिक सुनुवाई :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ (५) मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । नगरपालिकाबाट संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेता पनि सवै योजनाको सार्वजनिक सुनुवाई संचालन गरेको देखिएन । जसबाट बित्तिय पारदर्शिता र जबाफदेहिताको पालना भएको छ भन्न सकिएन । ऐनको व्यबस्था कार्यान्वयन हुनुपर्दछ । सार्बजनिक सुनुबाई, सार्वजनिक तथा सार्वजनिक परीक्षण के, कति आयोजनामा भयो जानकारी पेश हुन आएन । | |
| ३. | **आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमावलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४. | **निर्माण कार्यको लगत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन । नगरपालिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ । | |
| ५. | **जग्गा उपयोग मापदण्ड -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । नगरपालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृति बमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ । | |
| ६. | **अनुगमन तथा भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सोको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. ४० लाख ९२ हजार खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमण खर्चको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा पालिकाले सुधार गर्नुपर्ने देखिन्छ । | |
| ७. | **आन्तरीक लेखापरीक्षण नगराएको :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरीक लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले आय र व्ययको आन्तरीक लेखापरीक्षण गरेको छैन । आन्तरीक लेखापरीक्षण नहुँदा आन्तरीक नियन्त्रण प्रणाली कमजोर हुने तथा जसवाट आय र व्ययको यथार्थ चित्रण समेत नहुने अवस्था रहन्छ । अतः आन्तरीक लेखापरीक्षण अनिवार्य गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| ८. | **ठेक्का प्रतिस्पर्धा** – सार्वजनिक खरिद ऐन, २०६३ को ६१(झ) र ६२(च) मा प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने गराउने उद्देश्यले बोलपत्र वा प्रस्ताव पेस गर्नुभन्दा अघि वा पछि मिलेमतो गर्न वा गुटवन्दीमा संलग्न हुन नहुने उल्लेख छ । त्यस्तै गरी सोही ऐनको दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्रहरु रद्द हुने व्यवस्था छ । यस कार्यालयबाट ठेक्का व्यवस्था गरेकोमा न्युन मात्रामा वोलपत्र फाराम विक्री भएको, लागत अनुमानको हाराहारीमा ठेक्का कवोल गरी सम्झौता भएको देखिंदा प्रतिस्पर्धा कम हुन सक्ने तथा निर्माण व्यवसायी विच आपसमा मिलेमतो भएको हुन सक्ने भएकोले ठेक्का कार्यलाई पूर्ण प्रतिस्पर्धा हुने व्यवस्था गरिनु पर्दछ । प्रतिस्पर्धामा स्वीकृत भएका ठेककाहरु ०.००३ प्रतिशतसम्म कम कबोलमा संझौता भई कार्य सम्पन्न भएका छन । इ-विडिङ गर्नेतर्फ कार्यालयले ध्यान नपुयाउँदा ठूला ठेक्काहरुमा दर्ता गरेको एक बाहेक सबै बोलपत्र फिर्ता लिने, एक पटक दर्ता गर्नेले पनि सो बोलपत्र फिर्ता लिई पून अर्को दर्ता गरेका माथिका परीदृश्यले बोलपत्रदाताहरुबीच मिलोमतो भएको अवस्था देखिएकोमा पनि जिम्बेवार पदाधिकारीले बैकल्पिक व्यवस्था नगरी ठेक्का स्वीकृति गरेको अवस्था औचित्यपूर्ण नदेखिदाँ त्यस्ता पदाधिकारीको कार्य सम्पादन सम्बन्धमा छानविन गरी आवश्यक कारबाही गर्नुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९. | **वजेट बाँडफाँडको स्थिति :** यस नगरपालिकाले नीति, वजेट तथा कार्यक्रम अनुसार पुजीगत वजेट ( विषयगत अनुदानवाट प्राप्त रकम वाहेक) मा रु २८ करोड १३ लाख २६ हजार खर्च गरेतापनि उक्त वजेट भित्र रु. १ करोड ४१ लाख कृषि, वन तथा वातावरण आदि जस्ता चालू प्रकृतिका कार्यक्रम समेत समावेश गरी खर्च गरेको छ । जसले गर्दा कार्यालयको वित्तिय विवरणले शिर्षकगत खर्चको यथार्थता चित्रण गर्दैन । यसमा सुधार गर्नुपर्दछ । | |
| १०. | **मनोरञ्जन कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा नगरपालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन । पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर लगायतका करहरु पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ । | |
| ११. | **योजना र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे-टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । | |
| १२. | **दररेट निर्धारण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा ताथ महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले उल्लेखित कुनै पनि आइटमको न्यूनतम दररेट तोकेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ । | |
| १३. | **नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :** निकायको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये कति उद्धेश्य पुरा भयो वा प्रगति प्राप्ति भयो र कुन कुन कार्यक्रम पुरा भएका छैनन भनि विश्लेषण गरेको छैन । नीति तथा कार्यक्रम र वजेटमा उल्लेखित व्यहोराको कार्यान्वयन संवन्धमा प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । | |
| १४. | **फोहोरमैला व्यवस्थापन :** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ, नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले फोहोरमैला व्यवस्थापनको लागि देहायअनुसारका कार्यहरु गरेको छैन ।<br>● ल्याण्डफिल साइटको दीर्घकालीन व्यवस्थापन र पूर्वाधार निर्माण भएको,<br>● फोहोरमैला व्यवस्थापन सम्बन्धमा उपयुक्त प्रविधिको अध्ययन अनुसन्धान गरी प्रविधि विकासको कार्य र "प्रदुषकले शुल्क तिर्ने" अवधारणा लागू गरी दीगो व्यवस्थापन गरेको,<br>● फोहोरमैला व्यवस्थापन गर्ने, कम्पोष्ट विनहरुको खरिद र वितरण कार्य,<br>● उपयुक्त प्रविधिको विकास र विस्तार गर्न पर्याप्त बजेट तथा जनशक्तिको उपलब्धता नभएको, | |
| १५. | **व.उ.शि.नं.३४०१०५३ समाज कल्याण कार्यक्रम : २।०७६।२।२९, ३।०७६।६।२ -** जेष्ठ नागरीकका क्षेत्रमा काम गर्ने संस्थालाई स्थानीय तह मार्फत उपलव्ध गराउने अनुदान सम्वन्धी कार्यविधि, २०७५ को परिच्छेद ५ वुंदा नं.८ (ख) वमोजिम अनुदान प्राप्त रकम तोकिएको मापदण्ड अनुरुप खर्च भए नभएको विषयमा सम्वन्धीत स्थानिय तहले निरन्तर अनुगमन गर्नुपर्ने व्यवस्था छ । सर्वोदय सेवा आश्रमलाई २०७५।९।२४ को सम्झौता वमोजिम रु.१० लाख अनुदान दिएकोमा सो | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अनुसार प्रभावकारी रुपमा अनुगमन भएको देखिएन । महिला वालवालिका तथा जेष्ठ नागरीक मन्त्रालयबाट सर्वोदय सेवा आश्रमलाई वृद्ध वृद्धाको सहयोग स्वरुप दिएको अनुदान लक्ष्य अनुरुप वृद्ध वृद्धाको सेवामा खर्च भएको छ छैन, वृद्ध वृद्धाको संख्या, अवस्था र उपलव्धी मूल्याकंन गरी उच्च प्राथमिकतापूर्वक खर्चको सदुपयोग सम्वन्धमा सम्वन्धित निकायबाट अनुगमन हुनुपर्ने देखियो । | |
| १६. | **झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम :** (क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ वमोजिम निर्माण कार्य सम्पन्न भएको ३ दिन भित्र सम्वन्धीत निर्माण व्यवसायीले निर्माण भए वमोजिम नक्सा पेश गर्नु पर्ने र सो नियमको उपनियम २ वमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पुरानो सांघुरह फांटको झोलुङ्गेपुल निर्माण कार्य उपभोक्ता समितिवाट गराई स्टीलपार्टस तथा अन्य खर्च वाहेक रु.२१,६८,१२५। भुक्तानी गरेकोमा उक्त पुलको कार्य सम्पन्न प्रतिवेदन समेत सोही रकमको मात्र तयार भएको पाइयो । उक्त पुलमा स्टीलपार्टसको खर्च समेत सम्पूर्ण लागत देखिने गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने दायित्व परामर्शदाता सामुदायिक विकास केन्द्रको रहेपनि सो अनुसार प्रतिवेन तयार भएको पाइएन । यसबाट पुलको वास्तविक लागत पुष्टि हुन सकेन ।<br><br>(ख) आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ वमोजिम खरिद भएका जिन्सी सामान जिन्सी खातामा दाखिला गरी खर्च लेख्नुपर्नेमा झोलुङ्गेपुलका लागि स्टिलपार्टस आपूर्ति गर्ने सेफ स्टिल प्रा.लि. लाई रु.९,११,८८९।७९ भूक्तानी हुंदा उक्त सामान दाखिला वेगर साइटमा गएको र उपभोक्ता समितिबाट पुल निर्माणको कार्य सम्पन्न भएको भनि दाखिला नगरेको भन्ने जवाफ रहेपनि नियमानुसार खरिद भएका सामान दाखिला र खर्च लेख्ने तर्फ ध्यान दिनुपर्ने देखियो । | |
| १७. | **पदाधिकारी सुविधा :** नेपालको संविधान, २०७२ को धारा २२७ मा गाउँसभा र नगरसभाका सदस्यले पाउने सुविधा प्रदेश कानुन वमोजिम हुने उल्लेख छ । गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा संवन्धी ऐन, २०७४ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले सेवा सुविधा (बैठक भत्ता सम्बन्धमा व्यवस्था नभएको) समेत यस वर्ष अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको पारीश्रमिकमा (भत्ता वाहेक) देहायअनुसार रु ६४ लाख ४८ हजार खर्च गरेको देखियो । स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा संवन्धी ऐन, २०७४ मा स्थानीय तहको आन्तरिक स्रोतलाई समेत आधार मानी मासिक सुविधा दिइने उल्लेख गरेको छ । आन्तरीक आय कुल रु.७६ लाख ३९ हजार रहेकोमा आन्तरीक आयले पदाधिकारीलाई सुविधा पुग्ने भएतापनि अन्य चालू खर्च धान्न सक्ने अवस्था छैन । अतः आन्तरीक आयका थप श्रोतको पहिचान गरी आन्तरीक आय सुदृढ गर्नुपर्ने देखिन्छ । | |

| सि.नं. | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष १० जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य २८ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३५००० | ३०००० | २०००० | १०००० | ७००० | ६२८६०७२ |
| २ | सञ्चार सुबिधा (मासिक दरमा) | २००० | १५०० | १००० | - | - | १६२००० |
| | **जम्मा** | | | | | | ६४४८०७२ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १८. | **आन्तरिक आय :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा वार्षिक रुपमा उठेको आय स्पष्ट देखिनेगरी श्रेस्ता नरहेको, प्रयोग गर्नुपर्ने म.ले.प.फा.नं.१०८ (क, ख ), २३ प्रयोगमा नरहेको, रसिद नियन्त्रण खाता नरहेको, वडा कार्यालयमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठेको आय र वैंक दाखिलाको रकम नभिडेको, समयमै रकम वैंक दाखिला गर्ने नगरेको, उठ्नु पर्ने, उठेको र दाखिला सम्वन्धमा निरिक्षण अनुगमन हुने नगरेको हुंदा यो वर्ष घरवाटो शिफारिस, सम्पत्तिकर , मालपोत तथा अन्य आय वापत हुनुपर्ने वास्तविक आम्दानी एकीन गर्न सकिएन । यो वर्ष आन्तरिक | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आय वापत रु.७६,३८,७९०।९० आम्दानी देखाएको छ । आवश्यक म.ले.प.फारमहरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखाकंन तथा परिचालन तर्फ ध्यान दिनु पर्ने देखियो । | |
| १९. | **कम राजश्व असूली :** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ क मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी ,बालुवाको विक्री गर्ने, बिक्री वापत प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने एंव गण्डकी प्रदेश, प्रदेश सरकार ढुंगा, गिट्टी ,बालुवा उत्खनन, संकलन क्रसिङ्ग र विक्रीवितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ मा सम्वन्धित स्थानीय तहले दोस्रो पक्षसंग ढुंगा, गिट्टी ,बालुवा उत्खनन, दहत्तर बहत्तरको ठेक्का संझौता गर्दा प्रदेश सरकारले तोकको दरमा संझौता गरी सोही बमोजिम राजश्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले निम्न निर्माण व्यवसायीहरुसंग आर्थिक वर्ष ०७५।७६ को अन्त्यसम्ममा सवै किस्ताको रकम बुझाउने गरी आफ्नो क्षेत्रभित्रको ढुंगा, गिट्टी ,बालुवा उत्खननको ठेक्का गरेकोमा संझौता बमोजिमको रकम हालसम पनि संकलन गरेको छैन । यसरी संझौता बमोजिमको उठ्न बाँकी जम्मा रकम रु.१३,६४,३४६.५५ सम्वन्धित निर्माण व्यवसायीबट असूल गरी सम्वन्धित कर्मचारीलाई जिम्मेवार वनाई स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु... | १३६४३४६ |

| क्र.स. | निर्माण व्यवसायीको नाम | ठेक्का नं. | संझौता रकम | राजश्व प्राप्ति | उठ्न बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | चम्पावती निर्माण सेवा, | ०८ | ४३७३९० | २१८६९५ | २१८६९५ |
| २ | चम्पावती निर्माण सेवा, | ०५ | ३०९१५० | १५४५७५ | १५४५७५ |
| ३ | चम्पावती निर्माण सेवा, | ०४ | ३०९१५० | १५४५७५ | १५४५७५ |
| ४ | चम्पावती निर्माण सेवा, | ०३ | ४३७३९० | २१८६९५ | २१८६९५ |
| ५ | चम्पावती निर्माण सेवा, | ०२ | ३०९१५० | १५४५७५ | १५४५७५ |
| ६ | वज्रगुरु दि कंचनजंगा शंकरमाली जे.भी. | ० | १६१७६४८.५५ | ११५४४१७ | ४६३२३१.५५ |
| ७ | कोडाल कन्स्ट्रक्सन | ० | २७५६१२ | २७५६१२ | ० |
| | जम्मा | | ३६९५४९०.५५ | २३३११४४ | १३६४३४६.५५ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २०. | **मापदण्डको पालना नभएको :** वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड २०७२ लाई २०७३।५।३ देखि यस नगरपालिकाले स्वीकृत गरी लागु गरेको भनेकोमा यो वर्ष स्वीकृत २५२ भवन निर्माणका फाइल मध्ये केहि फाइल अध्ययन गर्दा मापदण्डको वुंदा नं.११ वमोजिम भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड पुरा नभएको तथा राख्नुपर्ने प्रमाण कागजात व्यवस्थित गरेको पाइएन । नगरपालिकाले मापदण्डको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २१. | **सामाजिक सुरक्षा तर्फः** लेखापरीक्षण योजना, २०७६ बमोजिम सवैभन्दा बढी निकासा हुने प्रथम र पाचौं ठूलो वडाको श्रेस्ता परीक्षण गर्दा सामाजिक सुरक्षा भत्ता वितरणको सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् : | |
| २१.१. | **लगत अद्यावधिक नगरी खर्च लेखेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ६ वमोजिम नाम दर्ता तथा नवीकरणवाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीहरुको संख्यात्मक विवरण प्रत्येक गाउँपालिका तथा नगरपालिकाले अनुसुची- ५ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नुपर्ने प्रावधान छ । राईनास नगरपालिका अर्न्तगतका १० वटै वडाहरुले भत्ता वितरण कार्यको लागि तोकिएको ढाँचामा चौमासिकगत लगत अद्यावधिक नगरी खर्च लेखेको पाइयो । यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राहीहरुको संख्या एकिन गर्न नसकिने साथै कार्यविधिको परिपालना समेत नगरेको पाइयो । नगरपालिकाले कार्यविधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २१.२. | **असम्वधित व्यक्तिलाई भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १६ को (ख) मा भत्ता वितरण गर्दा सम्वन्धित व्यक्तिलाई मात्र भत्ता वितरण गर्नुपर्ने र अन्य व्यत्तिलाई वितरण गरेको पाइएमा यसरी वितरण गर्ने र रकम बुझ्ने दुवैलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ । नगरपालिका अर्न्तगतका १० वटा वडामध्ये नमुना छनौटको आधारमा २ वटा वडाको परीक्षण गर्दा अधिकांश  लाभग्राही स्वयले नभई अन्य व्यक्तिले भत्ता बुझेको पाइयो । यसरी भत्ता वितरण गर्दा कार्यविधिको पालना नहुनुको साथै वास्तविक लाभग्राहीले भत्ता पाएको हो होइन सोको एकिन समेत नहुने हुदाँ नगरपालिकाले कार्यविधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २१.३. | **बैंक मार्फत भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविघि, २०७५ को दफा २२ मा सबै लाभग्राहीहरुलाई बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने साथै ऐ कार्यविधिको दाफा २३ को (३) मा सामाजिक सुरक्षा विशेष वचत खाता सम्वन्धी व्यवस्था गरेको भएता पनि यस नगरपालिकाका सवै वडाहरुमा हालसम्म पनि लाभग्राहीको बैंक खाता नखोलिएकोले कार्यविधिको पालना गर्नेतर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ । | |
| २१.४. | **लाभग्राहीको नाम नवीकरण:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीहरुले आगामी आ.व.मा पनि भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयावधि भित्र सम्वन्धित गाउँपालिका वा नगरपालिकामा दरखास्त दिनु पर्ने व्यवस्था छ । सो कार्यविधिको उपदफा (२) मा यसरी नविकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने समेत उल्लेख गरेकोमा यस नगरपालिकाले सोको परिपालना गरेको पाइएन । कार्यविधिको पालना गर्ने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ । | |
| २१.५. | **मूल अभिलेख नराखेको** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १० को उपदफा (१) मा प्रत्येक गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीको फोटो सहितको अनुसुची-५ बमोजिमको ढाँचामा मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट गरी समयावधिभित्र व्यवस्थापन सूचना प्रणाली (एम.आई.एस.) मा प्रविष्टि गर्नुपर्ने व्यवस्था भएकोमा यस नगरपालिकाले सवै लाभग्राहीहरुको तोकिएको ढाँचामा अभिलेख राखेको पाइएन ।  नगरपालिकाले कार्यविधिको पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| २१.६. | **लाभग्राहीको नाम दर्ता** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ५ को खण्ड क मा जेष्ठ नागरिकले आफ्नो उमेर पुग्ने मिति उल्लेख गरी आगामी आर्थिक वर्षको लागि यस आ.व.मा नै तोकिएको म्यादभित्र दरखास्त दिनुपर्नेछ एंव दफा ६ को उपदफा (१) को खण्ड क मा आगामी आ.व.को फागुन मसान्तभित्र उमेर पुग्ने जेष्ठ नागरिकहरुले आगामी आ.व. मा उमेर पुग्ने मिति उल्लेख गरी प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेदेखि पुस मसान्तभित्र नाम दर्ताको लागि दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा नमुना छनोटको रुपमा २ वटा वडाको स्रेस्ता परीक्षण गर्दा अधिकांश लाभग्राहीहरुले समयावधिभित्र नाम दर्ता गराएको पाईएन् । कार्यविधिको पालना गर्नेतर्फ नगरपालिकाले  ध्यान दिनुपर्दछ । | |
| २१.७. | **लगत कट्टा पश्चात भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १२ मा क.देखि छ सम्मका ७(सात) वटा अबस्था भएकोमा लाभग्राहीको नाम सम्वन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गरी सोको व्यहोरा अभिलेखमा स्पष्ट जनाई  सम्वन्धित स्थानीय | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तहको वडाका सचिवले प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाको वडा नं.०८ को प्रथम चौमासिकको जेष्ठ नागरिकतर्फको सामाजिक सुरक्षा भत्ता वितरणमा गत आ.व.को नवीकरण गरिएको लाभग्राहीहरुको संख्या १४६ यस वर्ष थप भएका नयाँ लाभग्राहीहरुको संख्या ५ समेत जम्मा १५१ रहेकोमा प्रथम चौमासिकमा सोहीमध्येबाट १४ जनाको लगत कट्टा गरिएको भनी उल्लेख भएकोमा भरपाई परीक्षण गर्दा पुरै १५१ जनाकै भत्ता वितरण भएकोले सम्वन्धित भत्ता वितरकबाट १४ जनाको रु.८०००।०० का दरले जम्मा रकम रु.१,१२,००० असूल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु........ | ११२००० |
| २१.८. | **भर्पाई भन्दा बढी खर्च :** नगरपालिकाले खर्च लेख्दा सो खर्चलाई प्रमाणित गर्ने भर्पाई संलग्न राखी खर्च लेख्नुपर्नेमा वडा नं. ०८ प्रथम चौमासिकको दलित वालबालिकातर्फको भरपाई परीक्षण गर्दा ५९ जनाको मात्रै रहेकोमा ६३ को वितरण भएकोले प्रति वालबालिकाको रु.१६००।०० का दरले बढी खर्च लेखेको रकम रु.६४००।०० सम्वन्धितबाट असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु... | ६४०० |
| २१.९. | **बसाइँ सराइ गर्नेको भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १८ मा कुनै लाभग्राही आफू बसोबास गर्दै आएको स्थानीय तहबाट अर्को स्थानीय तहमा बसाइँ सरी गएमा वा आएमा त्यस्तो व्यक्तिलाई बसाइँ सरी गएको प्रमाण पत्र जारी गर्ने स्थानीय तहका वडा कार्यालयका बसाइँ सरी जाने व्यक्तिले खाइपाई आएको भत्ताको प्रकृति, खाइपाई अएको रकम र भुक्तानी पाएको अवधि समेत खुलाई कून स्थानमा बसाइँ सरेको जनाई निजको नाम लगत कट्टा गरी सोको पमाणको आधारमा आएको स्थानीय तहलाई जानकारी दिनुपर्नेमा नगरपालिकाले वडा नं.०८ को तेस्रो चौमासिकको जेष्ठ नागरिक तर्फको सि.न. १५० को धनकुमारी ढकाललाई बसाइँ सरी आएको भनी २०७५ मंसिरदेखि २०७६ आषाढसम्मको ८ महिनाको एकमुष्ठ रु.१६०००।०० वितरण गरेकोमा निज लाभग्राही कून स्थानीय तहबाट आएको हो सोको कुनै प्रमाण नराखी भत्ता वितरण गरेकोले दोहोरो भत्ता वितरण हुन सक्ने भएकोले बसाइँ सरी आएको स्थानीय तहबाट निजले भत्ता नबुझेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रकम रु.. | १६००० |
| २२. | **वित्तिय समानीकरण पूँजिगत :**<br>बढी दरमा भुक्तानी  गो.भौ.न.८८,०७५।१२।२५ : स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको स्वीकृत नर्म्स,  र स्वीकृत जिल्ला दररेट २०७५।७६ आधारमा विभिन्न आइटमको विस्तृत दर विश्लेषण गरिएको छ । नगरपालिकाले राईनासकोट पर्यटन मार्ग निर्माण कार्यको लागि राईनासकोट पर्यटन मार्ग निर्माण उपभोक्ता समितिलाई आइटम नं ५ को stone masonary wall 1:6 c/s morter ४९।२८ घनमिटर कार्यको रु.८५४८।७० को दरले भुक्तानी गर्नुपर्नेमा प्रति घनमिटर रु.९५२१ का दरले भुक्तानी भएकोले प्रति घनमिटरको बढी दर रु.९७२।३० ले ४९।२८ घनमिटर कार्यको बढी भुक्तानी भएको रकम रु.४७९१५।०० सम्वन्धित उपभोक्ता समितिबाट असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु... | ४७९१५ |
| २३. | **उपभोक्ता समितिबाट असम्वन्धित कार्य गराएको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सोसम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उदेश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा समिति वा लाभग्राही समुदायलाई कार्यविधि पुरा गरी कार्य गराउन सकिने व्यवस्था छ । नगरपालिकाले  राईनास नगरपालिका ५, तिनपिप्लेमा  प्रहरी चौकी भवन निर्माण गर्न प्रहरी चौकी भवन निर्माण उपभोक्ता समिति गठन गरी कूल लागत अनुमानमा नगरपालिकाको अंश रु.६७९०००।०० र उ.समितिको अंश रु.२२५०।६ समेत गरी रु.६८१२५०।६८ भएकोका रु.७०००००।०० को कार्य मूल्यांकन गरी रु.६७९०००।०० भुक्तानी  भएको पाइयो । सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रही प्रतिस्पर्धा गराई निर्माण कार्य गर्नुपर्नेमा नियमावली विपरीत उपभोक्ता समिति वनाई उपभोक्ता | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समितिको अपनत्व नै नहुने कार्यमा समिति मार्फत काम गराएको छ । यसरी उपभोक्ता समिति मार्फत भएको कार्यमा भुक्तानी भएको रकम अनियमित देखिएको रु.... | ६७९००० |
| २४. | **पाईप खरिद सम्वन्धमा :** ५।०७६।२।१४ - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ वमोजिम धमिलिकुवा बोराडखोला सडक टिमुरे खण्डको लागि ६० मि.मि. का ९ थान र ४५ मि.मि.८ थान गरी १७ थान ह्यूम पाईप खरिद गरेको भनि खर्च लेखेकोमा कार्यसम्पन्नमा उक्त पाईप प्रयोग भएको नपाइएकोले ह्यूम पाइपको आम्दानी र खर्चलाई पुष्ट्याई गर्ने प्रमाण पेश गर्नुपर्ने रु. | ३०५१०० |
| २५. | **आनुपातिक कट्टी नगरेको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा परीक्षण गर्दा यस वर्ष संचालित निम्न योजनाको निम्नानुसार सम्झौता रकम भन्दा घटीको कार्यसम्पन्न गरेकोमा कार्यालयले भुक्तानी दिँदा घटी कार्यको आनुपातिक कट्टी गरी भुक्तानी गरेको पाईएन । नियमावलीको व्यवस्था तथा सम्झौता विपरित उपभोक्ता समितिलाई वढी भुक्तानी भएको रु.२००११।०० सम्वन्धित उपभोक्ता समितिवाट असूल हुनुपर्ने रु... | २००११ |

| गो.भौ.नं / मिति | योजना/कार्यक्रम | लागत अनुमान रकम | कार्यालयको अनुदान | मूल्याङ्कन | मूल्याङ्कन बमोजिम भुक्तानि हुनुपर्ने | भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २७१,३.२३ | खेल मैदान निर्माण | १०९९३४ | ९७००० | १००३७५ | ८८५६१ | ९७००० | ८४३९ |
| ३२२,३.२८ | वोरङ्गखोला ढकालगाउँ भलायखर्क जुकेपानी सडक | ६४२८९९ | ५८२००० | ६३०१३० | ५७०४२८ | ५८२००० | ११५७२ |
| | जम्मा | ७५२८३३ | ६७९००० | ७३०५०५ | ६५८९८९ | ६७९००० | २००११ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २६. | **मुल्य अभिवृद्धि कर कट्टी नगरेको :** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले मिति २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मु.अ.कर रकमको ५० प्रतिशत संवन्धित राजस्व शिर्षकमा र वाँकी ५० प्रतिशत संवन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार मिति २०७६।२।१६ देखिको भुक्तानीमा ५० प्रतिशत राजस्व शिर्षकमा दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु .... | २१७३०३ |

| कार्यक्रमको नाम | भौ नं. र मिति | फर्मको नाम | कुल भुक्तानी रकम | मु.अ.कर रकम | ५० प्रतिशतले हुने मु.अ.कर रकम |
|---|---|---|---|---|---|
| हर्राबोट प्यारजुङ सडक | १९३,०२.३० | पराजुली कन्स्ट्रक्सन प्रा.लि. | २२३६३८७ | २५७२८३ | १२८६४१ |
| वित्तिय समानीकरण पूजिँगत | ३१५,०३,२७ | शोभा ग्रुप अप कमानी प्रा.लि. चितवन | २५०००० | १६०२९ | ८०१५ |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>सर्शत अनुदान पूजिँगत</td><td>८,३.२६</td><td>पृथक हार्डवेयर एण्ड सप्लायर्स प्रा.लि.</td><td>७२००००</td><td>८२८३१</td><td>४१४१६</td></tr>
<tr><td>सर्शत अनुदान पूजिँगत</td><td>१४,०३.३०</td><td>नेपाल उर्जा विकास कम्पनी, काठमाण्डौ.</td><td>६०५०९२</td><td>७८६६२</td><td>३९२३१</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३८११४७९</td><td>४३४८०५</td><td>२१७३०३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७.</td><td>मूल्यांकन वेगरको बढी भुक्तानी ३०१,०७६।०३।२६ : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात सम्वन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले वडा नं. ४ को सार्वजनिक शौचालय निर्माणको लागि वडा नं. ४ को सार्वजनिक शौचालय निर्माण उपभोक्ता समितिलाई भुक्तानी गर्दा कन्टिन्जेन्सी समेत वास्तविक मूल्यांकन भएको रकम रु. २८१६०४।४७ खर्च लेख्नुपर्नेमा रु.२९५६००।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु.१३९९५।०० सम्वन्धित उपभोक्ता समितिबाट असूल उपर गरी संचित कोष दाखिला गर्नुपर्ने देखिएको रु.....</td><td>१३९९५</td></tr>
<tr><td>२८.</td><td>उपभोक्ता समितिलाई बढी भुक्तानी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई संझौता बमोजिमको रकम भुक्तानी गर्नुपर्ने तथा ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात सम्वन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले बाइसजंगर पाँचभाई धमिलीकुवा बोराडखोला निर्माण कार्यको लागि बाइसजंगर पाँचभाई धमिलीकुवा बोराडखोला निर्माण उपभोक्ता समितिलाई भुक्तानी गर्दा संझौता बमोजिमको रकम जनश्रमदान बाहेक रु.३५९५७२०।०० भुक्तानी गर्नुपर्नेमा पहिलो रनिङ वील गो.भौ.न.र मिति १००,०७५।१२।२७ बाट जनश्रमदान बाहेक रु.१६०९८६२।०० र दोस्रो रनिङ वील गो.भौ.न.र मिति ,०७६।०५।२७ बाट रु.२६६२८०८।०० समेत गरी जम्मा रु.४२७२६७०।०० भुक्तानी भएको छ । प्राविधिक मूल्यांकन जम्मा रु.३४७०७१३।०० मात्र भएकोले संझौता र कार्य मूल्यांकन वेगरको बढी भुक्तानी भएको रकम रु.८०१९५७।०० असूल गरी संचित कोष दाखिला गर्नुपर्ने देखिएको रु..</td><td>८०१९५७</td></tr>
<tr><td>२९.</td><td>सवारी साधन खरिद : उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को दफा ५ मा मालसामान उत्पादन गर्ने कम्पनीले उत्पादनको विशेषता, गुणस्तर र सुविधाका आधारमा तय गरेको थोक विक्री मूल्य र सुविधा सम्वन्धित कम्पनीको वेभसाईट वा कागजात (ब्रोसर) मा अनिवार्य रुपमा सार्वजनिक गरिएको हुनुपर्ने र दफा ६ मा कम्पनीले तोकेको थोक मूल्यमा प्रतिस्पर्धा गराउनुपर्ने उल्लेख छ । साथै दफा १२ मा उत्पादक कम्पनी वा त्यसको अधिकृत /आधिकारीक विक्रेताले पेश गरेको स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) हेरी दफा १४ बमोजिम आर्थिक प्रस्ताव माग गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस बर्ष क्याटलग सपिङ मार्फत रु.५८,५०,१३३।०० मा Mahindra scorpio S5 pick up 4WD गाडी खरिद गरेकोमा मुल्य खुल्ने ब्रोसर संलग्न नगरेतापनि उत्पादक कम्पनीहरुबाट प्रतिस्पर्धा गराएको पाइयो । ब्रोसरमा मुल्य, गुणस्तर, विषेशता, आदि उल्लेख भएका आपूर्तकहरुबाट प्रतिस्पर्धा गराई खरिद गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>उपभोक्ता समितिको शून्य योगदान : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १ मा जनसहभागिताको अशं समेत समावेश गरी लागत अनुमान तयार गर्नुपर्ने, ऐ नियमको २ मा काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले बेहोर्ने वा बेहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाउनु पर्ने व्यवस्था भएकोमा नगरपालिकाबाट सम्पन्न</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

भएका उदाहरणको रुपमा निम्न योजनाहरुमा लागत अनुमान तयार गर्दा नै उपभोक्ता समितिको जनश्रमदान शून्य राखेको पाइयो । यसबाट सम्वन्धित योजनाप्रति लाभग्राहीको अपनत्व नहुने एंव स्थानीय श्रमको उचित प्रयोग र परिचालन समेत नहुने भएकोले नगरपालिकाले उपभोक्ता समितिलाई संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि वनाई नियमावलीमा भएको व्यवस्थालाई पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| क्र.स. | योजनाको नाम | उपभोक्ता समितिको नाम | कूल लागत अनुमान | कार्यालयको अंश | उपभोक्ता समितिको अंश |
|---|---|---|---|---|---|
| १ | धमिलीकुवा बोराङखोला सडक मर्मत | धमिलीकुवा बोराङखोला सडक मर्मत उपभोक्ता समिति | ९७०२१० | ९७०२१० | ० |
| २ | वडा नं. ४ को सार्वजनिक शौचालय निर्माण | वडा नं. ४ को सार्वजनिक शौचालय निर्माण उपभोक्ता समिति | २९५६०० | २९५६०० | ० |
| ३ | वडा नं. ७ को सार्वजनिक शौचालय निर्माण | वडा नं. ७ को सार्वजनिक शौचालय निर्माण उपभोक्ता समिति | ३०१३४५ | ३०१३४५ | ० |
| | | | **१५६७१५५** | **१५६७१५५** | **०** |

३१. **वित्तिय समानीकरण चालु :**

**दोहोरो सुविधा** : स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ को दफा ८ मा सरकारी कोषबाट निवृत्तिभरण पाएको व्यक्ति, पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनयन भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा ऐन बमोजिमको मासिक सुबिधा मध्ये एउटा मात्र सुविधा पाउने व्यवस्था गरेको छ । नगरपालिकाका वडा नं.८ का वडाध्यक्ष श्री कृष्ण प्रसाद लामिछानले निजले पाउने निवृत्तिभरणको रकम र मासिक सुविधाको रकमको फरक रकम प्रतिमहिना रु.२५४४।०० का दरले लिएको पाइयो । दशै खर्च समेत १३ महिनाको बढी खर्च लेखेको जम्मा रकम रु.३३०७२।०० सम्वन्धितबाट असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु....

३३०७२

३२. **पदाधिकारी वैठक भत्ता :** गण्डकी प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा संवन्धी ऐन, २०७४ मा स्थानीय तहका पदाधिकारीहरुको पारिश्रमिक तथा सेवा सुविधा सम्वन्धी व्यवस्था गरेको छ । ऐनको अनुसूची १ मा पदाधिकारीहरुको वैठक भत्ता सम्वन्धी व्यवस्था नभएकोमा नगरपालिकाले नियमित वडा समितिको वैठक भत्ता वापत निम्नानुसारको भत्ता रकम भुक्तानी दिएकोले ऐनको विपरित खर्च लेखेको रकम सम्वन्धीतवाट असूल गर्नुपर्ने रु....

३७८६७५

| सि.नं | भौ.नं. मिति | कुल रकम | पारिश्रमिक कर कट्टी | खुद भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| १. | ६०/२०७५/६/२१ | ६००००.०० | ९४५०.०० | ५३५५०.०० | वडा न.२ र ३ |
| २. | ६५/२०७५/६/२३ | २७०००.०० | ४०५०.०० | २२९५०.०० | वडा न.५ |
| ३. | ६७/२०७५/६/२३ | १०३५००.०० | १५५२५.०० | ८७९७५.०० | वडा न.६ र ७ |
| ४. | ७३/०७५/२/२६ | ९००००.०० | १३५००.०० | ७६५००.०० | वडा न.१ र ४ |
| ५. | ७५/०७५/६/२४ | १०८०००.०० | १६२००.०० | ९१८००.०० | वडा न.९ र १० |
| ६. | ९८/०७५/८/५ | ५४०००.०० | ८१००.०० | ४५९००.०० | वडा न.८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | ४४२५००.०० | ६६८२५.०० | ३७८६७५.०० | |

३३. **बैठक भत्ता : ७४।०७५।६।२४.** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ मा आफ्नो क्षेत्रभित्रका विवादहरुको न्यायिक निरुपण गर्ने अधिकार सहितको नगरपालिकाले नगर उपप्रमुखको संयोजकत्वमा संविधानको धारा २१७ बमोजिम एक न्यायिक समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ । साथै उक्त समिति ३ जनाको रहने व्यवस्था समेत उल्लेख छ । नगरपालिकाले न्यायिक समितिका बैठकमा समितिका ३ जनाको अत्तिरिक ५(पाँच) जनालाई भत्ता दिएको श्रेस्ता परीक्षण गर्दा पाइयो । यसरी समिति बाहिरका व्यक्तिलाई प्रति बैठक रु.१५००।०० का दरले भुक्तानी गरेको देखिन्छ । कर कट्टी गरी बुझेको रु.१२७५ का दरले प रु.१२७७५।०० सम्वन्धितबाट असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.. — बेरुजू रकम: १२७५०

| कर्मचारीको नाम | वैठक संख्या | दर | जम्मा | कर कट्टी | भुक्तानी |
|---|---|---|---|---|---|
| नगर प्रमुख सिंह वहादुर थापा | १ | १५०० | १५००.०० | २२५.०० | १२७५.०० |
| प्रमुख प्रशासकिय अधिकृत | १ | १५०० | १५००.०० | २२५.०० | १२७५.०० |
| लेखापाल लिलाधर गौतम | २ | १५०० | ३०००.०० | ४५०.०० | २५५०.०० |
| नायव सुव्वा राधिका पन्त | २ | १५०० | ३०००.०० | ४५०.०० | २५५०.०० |
| कानुनी सल्लाहाकर हरि वहादुर रानाभाट | ३ | १५०० | ४५००.०० | ६७५.०० | ३८२५.०० |
| अमिन रमेश चिलुवा | १ | १५०० | १५००.०० | २२५.०० | १२७५.०० |
| जम्मा | | | १५००० | २२५० | १२७५०.०० |

३४. **फिल्ड भत्ता** : शिक्षा तथा मानव स्रोत विकास केन्द्र,सानोठिमी भक्तपुर वाट प्रकाशित कार्यक्रम कार्यान्वयन पस्तिका २०७५।०७६ को अनुसुची ११ मा पहाड तर्फ राज पत्राङ्कित तृतिय श्रेणीको मासिक फिल्ड भत्ता दर रु.२७००।०० उल्लेख भएकोमा देहायका ३ कर्मचारीहरुलाई मासिक रु. ४५००।०० का दरले ६महिनाको रु.८१०००।०० खर्च लेखेकोले नियमानुसार पाउने रु.४०५००।०० भन्दा वढी भुक्तानी लेखेको रु.४०५००।०० अशुल गरी संघिय संचित कोष खातामा दाखिला गर्नुपर्ने रु. — बेरुजू रकम: ४०५००

| कर्मचारीको नाम | महिना | फिल्ड भत्ताको दर | भुक्तानी भएको दर | भुक्तानी हुनु पर्ने | भुक्तानी भएको | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| वि.नि. पुर्ण वहादुर नेपाली | ६ | २२५०.०० | ४५००.०० | १३५००.०० | २७०००.०० | १३५००.०० |
| स्रोत व्यक्ति टिका राम थापा | ६ | २२५०.०० | ४५००.०० | १३५००.०० | २७०००.०० | १३५००.०० |
| स्रोत व्यक्ति नवराज अधिकारी | ६ | २२५०.०० | ४५००.०० | १३५००.०० | २७०००.०० | १३५००.०० |
| जम्मा | | | | ४०५००.०० | ८१०००.०० | ४०५००.०० |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>३५.</td><td>अनुदान कट्टा नगरी भुक्तानी :३३०।२०७६।२।२९ . अर्थिक कार्यविधि नियमावली,२०६४ को उपनियम (३) मा खर्च गर्दा खर्चको विल भर्पाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कृषि तथा पशुपंक्षी अनुदान कार्यक्रम अर्न्तगत रु.२६५०००।०० खर्च लेखेकोमा ५०० लिटिरको चिलिङ म्याट खरिद वापत रु.२०००००।०० को मुल्य समावेस भएकोमा ७५ प्रतिशतले हुने रु.१५००००।०० अनुदान दिनुपर्नेमा २५ प्रतिशत कृषक वाट व्यहोर्नु पर्ने रकम रु.५००००।०० कट्टा नगरी रु.२०००००।०० भुक्तानी दिएकोले रु.५००००।०० अशुल गरी संघिय संचित कोष खातामा दाखिला गर्नुपर्ने रु..</td><td>५००००</td></tr>
<tr><td>३६.</td><td>मु.अ.कर विजक : १७।२०७५।५।७ . मुल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम १७(१) वमोजिम दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे वाहेक अनुसुची ५ र ५(क) वमोजिमको ढांचामा कर विजक दिनु पर्ने व्यवस्था छ । कार्यालयले गाडी मर्मत वापत प्रणाम मोटर्स प्रा.लि.(विजक नम्वर ०५ र ०६,विजक मिति२०७५।४।१३ ,मु.अ.कर दर्ता नम्वर ६०६८४८८९७) लाई मु.अ.कर रु.६७७६।०० समेत रु५८०३४।००. भुक्तानी दिएकोमा विजक नम्वर हातले लेखेको कर विजक पेश गरेकोले उक्त प्रा.लि.लाई भुक्तानी भएको मु.अ.कर आन्तरिक राजस्व कार्यालयमा दाखिला भयो भएन एकिन हुन नसकेकोले सो कर रकम समायोजन भएको प्रमाण पेश हुनु पर्ने रु.</td><td>६७७६</td></tr>
<tr><td>३७.</td><td>सोझै खरिदः : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र तथा बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा निम्नानुसार सोझै खरीद गरेको पाइयो । खरीद कार्य गर्दा नियमको प्रावधान वमोजिम दरभाउपत्र तथा वोलपत्रवाट गर्नुपर्नेमा नियमको पालना नभएको रु..
<table>
<tr><th>भौचर नंम्वर मिति</th><th>आपुर्तिकर्ता</th><th>खरीदको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>५१/०७५/६/१७</td><td>सृष्टि छापाखाना उधोग</td><td>कार्यालय सम्वन्धी सामान</td><td>४४०९७१</td></tr>
<tr><td>१४६/०७५/९/२६</td><td>सृष्टि छापाखाना उधोग</td><td>कार्यालय सम्वन्धी सामान</td><td>२६३७५३.००</td></tr>
<tr><td>२१८/०७५/११/२९</td><td>सृष्टि छापाखाना उधोग</td><td>कार्यालय सम्वन्धी सामान</td><td>१०१६९९.००</td></tr>
<tr><td>२४७/०७५/१२/२०</td><td>सृष्टि छापाखाना उधोग</td><td>कार्यालय सम्वन्धी सामान</td><td>१६७६३५.००</td></tr>
<tr><td>३४१/०७६/३/६</td><td>सृष्टि छापाखाना उधोग</td><td>कार्यालय सम्वन्धी सामान</td><td>१९१४६७.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>११६५५२५</td></tr>
</table>
माथी उल्लेखित मालसामान खरिद प्रक्रिया अवलम्वन गर्न नगरपालिकाले वार्षिक खरिद योजना तर्जुमा गरेको, खरिद समिति वनाएको आगामी दिनमा खरिद प्रक्रिया पूर्ण रुपमा अवलम्वन गर्ने कार्यालयको भनाई छ ।</td><td>११६५५२५</td></tr>
<tr><td>३८.</td><td>अग्रिम कर कट्टा नगरेको :१४१।०७५।९।२७. मेशिनरी औजार मर्मत संभर तथा संचालन वापत ह.स.चा. विकास ओलियाको नामको रु.१५५०००।०० पेश्की फछ्र्यौट समेत रु.१७००००।०० खर्च लेखेकोमा फ्रेन्डसिप अटो पार्टस नयाँवजार पोखराको मु.अ.कर समेत रु.११८६५०।०० विल पेश भएकोमा आयकर ऐन,२०५८ अनुसार १.५ प्रतिशत अग्रिम कर रु.१५७५।०० अशुल गरी राजस्व खातामा दाखिला गर्नुपर्ने रु.</td><td>१५७५</td></tr>
<tr><td>३९.</td><td>वैठक भत्ता : प्रदेश नम्वर ४ गण्डकी प्रदेश द्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सदस्यले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन,२०७४ को अनुसुची १ मा पदाधिकारी,सदस्य र सभाका सदस्यले पाउने सुविधा सम्वन्धी व्यवस्था अनुसार कार्यपालिका र सभाको वैठक भत्ता सम्वन्धमा कुनै सुविधा उल्लेख नभएकोमा गो.भौ.न.४४।०७५।६।१५ वाट कार्यपालिका वैठकमा उपस्थित भए वापत ४६ जनालाई प्रति वैठक रु.१५००।०० का दरले रु.६९०००।०० खर्च लेखेकोमा १५ प्रतिशतले हुने रु.१०३५०।०० कर कट्टा गरी वुझेको रु.५८६५०।०० अशुल गर्नु पर्ने रु. | ५८६५० |
| ४०. | **नमुना विद्यालयलाई अनुदान :** नमुना विद्यालय विकास विद्यालय सुधार गुरुयोजना २०७५-२०७९ को कार्यान्वयनको लागि कार्यक्रम कार्यान्वयन पुस्तीकाको क्रियाकलाप नं.२.१५.११.७८४ नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान कार्यक्रम संचालनको लागि छनौट भएका निम्न विद्यालयहरुलाई रु.१५००००००।०० का दरले रु.३००००००००।०० निकाशा दिएको देखिन्छ । नमुन विद्यालयले स्वीकृत गुरुयोजनाको परिधि भित्र रहि न्युनतम पुर्वाधारको प्राथमिकता गरी आइसिटि,विज्ञान प्रयोगशाला,पुस्तकालय व्यवस्थापन तथा थप शिक्षक व्यवस्थापनको क्षेत्रमा रकम उपयोग गर्न सक्ने, मानवस्रोत विकास केन्द्रवाट नमुना विद्यालयको रुपमा छनौट भई संचालनमा रहेको विद्यालयहरुको गुरुयोजना स्वीकृत गराई स्वीकृत गुरुयोजनाले तोकेको क्षेत्रमा सार्वजनका खरिद ऐन तथा सार्वननिक खरिद नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रही विद्यालय भौतिक निर्माण तथा शैक्षिक विकासका कामहरु गर्ने उल्लेख भएको देखिन्छ। कार्यालयले उक्त विद्यालयहरु संग कार्यसम्पदन सम्झौत नगरी निकासा दिएको देखिएकोले विद्यालय भौतिक निर्माण र शैक्षिक विकासका कार्यक्रमहरु भए नभएको सम्वन्धमा अनुगमन प्रतिवेदनका साथै कार्यसम्पन्न प्रतिवेदन पेश हुनपर्ने रु.. | ३००००००० |

| गो.भौ.न.र मिति | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| ५५/०७५/११/१५ | शैलपुत्री माध्यामिक विद्यालय | १५०००००० |
| १३०/०७६/३/२५ | शौभाग्य माध्यामिक विद्यालय | १५०००००० |
| | | **३०००००००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४१. | **प्रधानमन्त्री रोजगार कार्यक्रम:**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत निकास तथा खर्च रु.२८६८४४४।०० भएको देखिन्छ । यस कार्यक्रम अर्न्तगत वडा नम्वर १ देखि १० सम्म १०४७ जना वेरोजगार सुचीमा दर्ता भएकोमा विभिन्न योजनाहरुमा कार्य गरेवापत ९२५ जनाले रोजगारी पाएको देखियो । कार्यालयले वेरोजगार सुचीमा दर्ता भएका सवै जनालाई रोजगार दिनु पर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ४२. | **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावलीको नियम ११३ अनुसार पेश्की फछ्र्यौट हुनु पर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । नगरपालिकाका कर्मचारी जीत बहादुर नेपालीलाई माछापोखरी पकेट क्षेत्र निर्माण कार्यको लागि पेश्की पापत दिएको रु.५४९०००।०० हालसम्म पनि फछ्र्यौट नभएकोले नियमानुसार असूल फछ्र्यौट हुनुपर्ने रु... | ५४९००० |
| ४३. | **सवारी साधन खरीद :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम १२३ वमोजिम आर्थिक दायित्व पर्ने विषयमा अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था छ तापनि यस नगरपालिकाले यो वर्ष पूर्व सहमति वेगर रु.१७९७०००। को १० थान मोटरसाइकल र रु.५८०३०००। को १ थान स्कारपिओ गाडी समेत रु.७६,००,०००। को खरिद भएको पाइयो । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४४. | **न्यायीक समितिको उजुरी तथा फछ्र्यौट सम्वन्धमा** :यस नगरपालिका अन्तर्गत यो वर्ष २५ मुद्धा दर्ता भएकोमा मेलमिलापवाट १५ र फैसलाबाट ५ फछ्र्यौट गरी ५ मुद्धा वांकी रहेको देखियो । वांकी मुद्धा समयमै फछ्र्यौट गर्नु पर्दछ । | |

अनुसूची– १

# राईनास नगरपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

**प्रदेश : गण्डकी** (रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | राईनास नगरपा लका | लमजुङ | २३६९७ | ८३५३७ | २०३०८९ | ११२७०५ | ३९९३३१ | २७५२४५ | ९१५७२ | ७७७८ | ३७४५९५ | ४८४३३ |

अनुसूची– २

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | लमजुङ | राईनास नगरपा लका | ३१ | २१ | ३९०५९ | ० | ९ | ३४८४ | ३१ | १२ | ३५५७५ | ३१७५ | १८४५ | ३०००६ | ० | ० | ३१८५१ | ५४९ | ० | ५४९ |

अनुसूची– ३

# अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| | राईनास नगरपा लका | लमजुङ | २६४३ | ० | २६४३ | | ३५५७५ | ३८२१८ |